# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## न्युरोड, पोखरा, गण्डकी प्रदेश, नेपाल

### सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०८०।१०।०१ देखि मिति २०८०।१२।३०सम्मको विवरण)

**(१) निकायको स्वरुप र प्रकृतिः**

वि.सं. २०१६ सालमा १३ वडा सहित गठित पोखरा नगरपालिका, पोखरा नगर पञ्चायत २०५२ मा विस्तारित भई १८ वडाको उप-महानगरपालिका बन्यो।गणतन्त्र स्थापना पश्चात् २०७१ मङ्सिर १६ गते पोखरा उपमहानगरपालिका आसपासका तत्कालीन गाउँ विकास समितिहरू मिलाएर २९ वटा वडा पुर्यालएर पोखरा उप-महानगरपालिकामा रूपान्तरित भयो।२०७२सालमा नेपालको संविधान जारी भए पछि राज्य पुनः संरचना हुँदा साविकको पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका र आसपासका गाविसहरू मौजा, चापाकोट, कास्कीकोट, पुरञ्चौर पुरै, भदौरे तामांगीका वडा नं ३ र ९, माझठानाका वडा नं १, ४ र ९, र कालिकाका वडा नं १ र ५ मिसाएर ३३ वडा कायम गरी २०७३ फागुन २७ गते पोखरा लेखनाथ महानगरपालिका गठन भएको हो । पोखरा महानगरपालिका नगर सभाको सिफारिस बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५ साउन २३ गतेको निर्णयअनुसार पोखरा लेखनाथ महानगरपालिकाको नाम हेरफेर भई पोखरा महानगरपालिका कायम भएको छ।

पोखरा महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि.मि. रहेको छ भने कुल जनसङ्ख्या ५,१३,५०४ (राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा) छ । महानगरपालिकाको केन्द्र साबिक पोखरा उप-महानगरपालिका कार्यालय नै रहनेछ । पोखरा महानगरपालिकाको पूर्वी सिमानामा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका पर्वत र स्याङ्जा जिल्ला रहेको छ उत्तरी सिमानामा माछापुच्छ्रे र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेको छ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

यस महानगरपालिका नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र गण्डकी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन,

नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ।

**(३) निकायमा रहने कर्मचारी विवरणः**

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ। उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np समेत राखिएको छ।

**(४) निकायबाट प्रदान गरिने सेवाः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र गण्डकी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा पोखरा महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, महाशाखाहरु, शाखाहरु, ३३ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन्। महानगरपालिकाको प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण पो.म.पा.को वेबसाइट pokharamun.gov.np मा उल्लेख गरिएको छ।

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण पोखरा महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ। यस सम्वन्धी व्यवस्था पोखरा महानगरपलिकाको वेबसाइट pokharamun.gov.np मा समेत उल्लेख गरिएको छ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने

निर्णयहरुको अधिनमा रही प्रमुख, उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ। महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूले सुनुवाई गर्ने व्यवस्था गरिएको छ।

**(९) सम्पादन गरेको कामको विवरण:**

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:**

**कार्यालय प्रमुखको नाम**: श्री श्याम कृष्ण थापा
पदः प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगानाः im1skthapa@gmail.com
**सम्पर्क नम्बर**: ९८५६००७१११

**सूचना अधिकारीको नाम**: श्री कृष्ण प्रसाद तिवारी
पदः उप-सचिव (नवौं तह)
**सम्पर्क नम्बर**: ९८५६००३०४५
इमेल ठेगानाः suchanaadhikari@pokharamun.gov.np

**(११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची:**

पोखरा महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ। उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ।

नगर कार्यपालिकाको कार्यालय

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु पो.म.पा.को वेबसाइट pokharamun.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८०।०८१ को चैत्र मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ ।

पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, कास्की
कार्यालयको कोड : ८०४३९२०१३००

क्षेत्रगत बजेट तथा खर्च

आ.व. : २०८०/८१ — रु. हजारमा

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,६२,७८,२४,९२ | ७९,२६,१३,५४ | १७.१३ | ३,८३,५२,०१,३७ |
| १ | कृषि | ६५,२७,४९,९२ | २३,०५,४६,४३ | ३५.३२ | ४२,२२,०३,४९ |
| २ | उद्योग | ४९,४०,००,०० | ५,३३,५२,५९ | १०.८ | ४४,०६,४७,४१ |
| ३ | पर्यटन | २,५१,९५,१०,०० | ३२,९१,०७,९६ | १३.०६ | २,१९,०४,०२,०३ |
| ४ | सहकारी | १७,७०,००,०० | ६,०६,७३,३४ | ३४.२८ | ११,६३,२६,६६ |
| ५ | वित्तीय क्षेत्र | १,०६,००,०० | १५,६९,७९ | १४.८१ | ९०,३०,२० |
| ६ | जलश्रोत तथा सिंचाई | ३०,३३,७५,०० | ६,८८,८५,९४ | २२.७१ | २३,४४,८९,०६ |
| ७ | बन | १७,३२,५०,०० | १,७९,६२,०३ | १०.३७ | १५,५२,८७,९७ |
| ८ | पशुपन्छी विकास | २३,२३,३०,०० | २,७४,७०,५३ | ११.८२ | २०,४८,५९,४७ |
| ९ | भूमि व्यवस्था | ६,५०,००,०० | ३०,४४,९२ | ४.६८ | ६,१९,५५,०८ |
| २ | सामाजिक विकास | २३,७८,४५,१८,८६ | १३,७४,४८,८१,१२ | ५७.७९ | १०,०३,९६,३७,७३ |
| १ | शिक्षा | १६,६७,९४,६३,८६ | ११,३०,७९,९२,४१ | ६७.८ | ५,३७,१४,७१,४५ |
| २ | स्वास्थ्य | २,८१,७७,८२,०० | १,१४,४२,३४,८४ | ४०.६१ | १,६७,३५,४७,१५ |
| ३ | खानेपानी तथा सरसफाई | १,३८,४५,७०,०० | ४७,१६,५५,६८ | ३४.०७ | ९१,२९,१४,३१ |
| ४ | भाषा तथा संस्कृति | ५५,३५,८०,०० | ९,२९,२०,१७ | १६.७९ | ४६,०६,५९,८३ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,१६,८८,४५,०० | २६,०८,१८,१३ | २२.३१ | ९०,८०,२६,८७ |
| ६ | युवा तथा खेलकुद | ५७,३०,९८,०० | १९,८५,९५,०६ | ३४.६५ | ३७,४५,०२,९४ |
| ७ | जनसंख्या तथा बसाईसराई | ५,७०,०० | ५,५९,४९ | ९८.१६ | १०,५१ |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | ६०,६६,१०,०० | २६,८१,०५,३३ | ४४.२ | ३३,८५,०४,६६ |
| ३ | पूर्वाधार विकास | ३१,८९,४२,८२,५३ | १३,२१,७१,६५,५१ | ४१.४४ | १८,६७,७१,१७,०१ |
| १ | यातयात पूर्वाधार | २२,६८,९७,९७,९७ | ९,५३,२१,६७,७६ | ४२.०१ | १३,१५,७६,३०,२० |
| २ | भवन, आवास तथा सहरी विकास | ७,७३,४९,८३,१४ | ३,०८,८६,२७,१२ | ३९.९३ | ४,६४,६३,५६,०१ |
| ३ | उर्जा | ७७,७७,६०,०० | ३२,५८,२९,६८ | ४१.८९ | ४५,१९,३०,३१ |
| ४ | संचार तथा सूचना प्रबिधि | ३,८१,००,०० | १,३०,४७,०८ | ३४.२४ | २,५०,५२,९२ |
| ५ | सम्पदा पूर्वाधार | २७,१८,१४,४२ | २,००,२८,७९ | ७.३७ | २५,१७,८५,६२ |
| ६ | बिज्ञान तथा प्रबिधि | १०,६०,३०,०० | ४,८८,९५,९४ | ४६.१२ | ५,७१,३४,०६ |
| ७ | पुनर्निर्माण | २७,५७,९७,०० | १८,८५,६९,१३ | ६८.३७ | ८,७२,२७,८७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,०६,३९,३२,४६ | १,१२,०५,८७,०० | ५४.२१ | ९४,३३,४५,४६ |
| १ | वातावरण तथा जलवायु | ६९,७८,००,०० | ५५,६१,३८,३५ | ७९.७ | १४,१६,६१,६५ |
| २ | विपद व्यवस्थापन | ३८,०८,८०,०० | १९,३१,०७,१२ | ५०.७ | १८,७७,७२,८८ |
| ३ | मानब संशाधन विकास | ३,३४,००,०० | १,२२,०८,७० | ३६.५४ | २,११,९१,३० |
| ४ | शान्ति तथा सुव्यवस्था | ४,३४,२७,६५ | १,१५,३७,२१ | २६.५७ | ३,१८,९०,४४ |
| ५ | कानुन तथा न्याय | ३,२६,००,०० | ५९,४१,४५ | १८.२३ | २,६६,५८,५५ |
| ६ | शासन प्रणाली | ७३,७१,१४,८१ | २९,५६,३२,५५ | ४०.११ | ४४,१४,८२,२६ |
| ७ | तथ्यांक प्रणाली | ९०,००,०० | २४,५६,५६ | २७.३ | ६५,४३,४४ |
| ८ | गरिबी निवारण | २,३५,००,०० | १,६२,३५,०० | ६९.०१ | ७२,६५,०० |
| ९ | श्रम तथा रोजगारी | ६८,३०,०० | ० | ० | ६८,३०,०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | १,०८,८०,०० | ४४,४१,०० | ४०.८२ | ६४,३९,०० |
| ११ | अनुगमन तथा मूल्यांकन | १,५०,००,०० | ४४,५०,९५ | २९.६७ | १,०५,४९,०५ |
| १२ | प्रशासकीय सुशासन | ६,३५,००,०० | १,३९,७२,३५ | २२ | ४,९५,२७,६४ |
| १३ | वित्तीय सुशासन | १,००,००,०० | ४४,६५,७६ | ४४.६६ | ५५,३४,२४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,४६,३६,९०,०८ | ५,४३,४७,०७,५२ | ६४.२ | ३,०२,८९,८२,५५ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,४६,३६,९०,०८ | ५,४३,४७,०७,५२ | ६४.२ | ३,०२,८९,८२,५५ |
| | कुल जम्मा | ७०,८३,४२,३८,८६ | ३४,३०,९९,५४,७१ | ४८.४३ | ३६,५२,४२,८४,१४ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np मा राखिएको छ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण।**

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

पोखरा महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी पोखरा महानगरपालिकाको आफ्नै वेबसाइट pokharamun.gov.np रहेको छ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, गण्डकी प्रदेशबाट जारी तथा अन्य प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण पोखरा महानगरपालिकाको वेबसाइट pokharamun.gov.np रहेको छ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ । पहिलो तथा दोस्रो चौमासिक प्रगति प्रतिवेदन पो.म.पा. वेबसाइट pokharamun.gov.np मा रहेको छ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ। मिति २०८०।१०।०१ देखि मिति २०८०।१२।३० गतेसम्ममा १० जना निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ।

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः**

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण पोखरा महानगरपालिका वेबसाइट pokharamun.gov.np राख्ने गरिएको छ। पोखरा महानगरपालिकाको बुलेटिन तथा विभिन्न सञ्चार माध्यमबाट महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन्। आवधिक सार्वजनिक सुनुवाई, वडा स्तरीय सार्वजनिक सुनुवाई हुने गरेको छ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल